annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ७ भदौ २०८१ | भाद्र कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४४ | FRIDAY, AUGUST 23, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



२०७६ साल जेठमा निर्माण थालिएको मुगुको प्रहरी चौकी कालै। १५ प्रतिशतमात्र काम भएर अलपत्र अवस्थामा छ। ● बिस्नप्रसाद न्यौपाने



# बन्दाबन्दै किन रोकिए प्रहरीकै भवन ?

## कर्णाली प्रदेश सरकारको 'आनाकानी'

**एक वर्षभित्र सम्पन्न गर्ने भनेर २०७६ सालको जेठमै निर्माण सुरु भएका दैलेख, राकमको इलाका प्रहरी चौकी प्रदेश सरकारले बजेट नै नछुट्ट्याउँदा निर्माणको अन्तिम चरणमा रोकियो।** ● बिस्नप्रसाद न्यौपाने

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**– को रिपोर्ट**

कर्णाली प्रदेश सरकारले २०७६ सालमा जोखिमयुक्त प्रहरी भवन हटाएर सुविधासम्पन्न बनाउने निर्णय गर्‍यो। १२ वटा प्रहरी कार्यालयको एकमुष्ठ ठेक्का लगायो। ठेकेदारहरूले भवन निर्माणका काम आधाभन्दा बढी पूरा गरे। त्यसपछि प्रदेश सरकारसँग बाँकी रकम मागे। तर, प्रदेश सरकारले दिएन, बन्दाबन्दैका भवनबीचमै अलपत्र परे।

समाचार पृष्ठ २

# 'डेडिकेटेड' र 'ट्रंकलाइन'को बक्यौतामा छुट दिन्नौं'

**तारा चापागाई** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदसँग दुई घण्टा लामो प्रश्नोत्तर गरेका छन्। उनले 'डेडिकेटेड' र 'ट्रंकलाइन' बक्यौता उठाउनेदेखि भ्रष्टाचार नियन्त्रणमा सरकारले कुनै एक्सक्युज नखोज्नेसम्मको प्रतिबद्धता संसद्समक्ष गरेका छन्। प्रधानमन्त्री ओलीले ८ वर्षको कार्यान्वयनको अनुभव र देशको आवश्यकताका आधारमा संविधान संशोधन हुने स्पष्ट पारे।

२०७२ असोज ३ मा संविधान जारी भएको हो। उनले छोटो अवधिका अर्थतन्त्र सुधारोन्मुख भएको समेत दाबी गरे। प्रधानमन्त्री ओलीले 'डेडिकेटेड' र 'ट्रंकलाइन' बक्यौतामा छुट नदिने बताए। बैठकमा प्रधानमन्त्री ओलीले विद्युत्को महसुल असुल गर्ने विषयमा कुनै छुट नदिने भन्दै, 'म स्पष्ट भन्न चाहन्छु कुनै रकममा कहीं उपयोग गरेका विद्युत्को महसुल असुल गर्ने कुरामा कुनै छुट दिइने छैन,' 'कारण, अकारण त अलिकति



होला तर अनुपयुक्त ढंगले जसरी विद्युत् काटियो, उद्योगलाई दिइरहेको विद्युत् उत्पादनमा कमी भयो, मजदुरहरू त्यत्तिकै बसे। उत्पादन नभएपछि सप्लाइ नहुने भयो,' उनले भने, 'प्रधानमन्त्री ओलीले नेपाल विद्युत् प्राधिकरणको डेडिकेटेड र ट्रंक लाइनका बक्यौता १ रुपैयाँ पनि नछाड्ने स्पष्ट पारे। बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सरकार र प्राधिकरणबीच कुनै मतभेद नभएको जानकारी गराए।

उनले भने, 'बक्यौता उठाइन्छ, छोडिँदैन, तर उद्योग बन्द गरेर होइन चलाएर उठाइन्छ। विगतमा किन समयमा महसुल उठाइएन, किन लाइन काटियो र किन फेरि लाइन जोडियो भन्ने प्रश्न सम्बन्धित निकायसँग जोडिन्छ। सरकार स्पष्ट छ, लाइन बन्द नगरी बक्यौता उठाइनेछ।'

उनले सामाजिक सञ्जाल र कतिपय मिडियामा विद्युत् प्राधिकरणले महसुल उठाउन खोजेको र सरकारले मिनाहा गरेको भन्दै झुठो प्रचार गर्ने अभियान चलाएको कुरा प्रचार अर्थहीन भएको दाबी गरे। उनले भने, 'उद्योग नै बन्द हुँदा बक्यौता उठ्ने आधार पनि बन्द हुन्छ, त्यहाँ रोजगारी पाएकाको रोजगारी बन्द हुन्छ, उद्योग बन्द भएपछि उत्पादन पनि घट्छ, व्यापार घाटा बढ्छ। बक्यौता उठाउन पनि त उद्योग चलाउनै पर्छ। औद्योगिक ग्राहकसँग लिनुपर्ने खपत अनुसारको महसुल मिनाहा गरिएको भन्ने झुठो सूचनाको पछि नलाग्न म सबैलाई आग्रह गर्छु। खपतअनुसारको महसुल उठाएरै छोडिन्छ।'

**६ लाख मेट्रिक टन रासायनिक मल अनुदानमा**

प्रधानमन्त्री ओलीले कृषकहरूलाई आवश्यक पर्ने ६ लाख मेट्रिक टन रासायनिक मल आयात गरेर अनुदानमा उपलब्ध गराउँदै आएको बताए। यो सँगै सरकार स्वदेशमै रासायनिक मल उत्पादनका लागि प्रयास गरेको पनि जानकारी गराए। बैठकमा सांसद नैनकला थापाले मलबारे सोधेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले हाल वार्षिक रूपमा कृषकहरूलाई आवश्यक पर्ने ६ लाख मेट्रिक टन रासायनिक मल मन्त्रालयले आयात गरी अनुदानमा उपलब्ध गराएको बताएका हुन्।

» बाँकी पृष्ठ ६

# खुल्यो टिकटक

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले ११ महिनापछि सामाजिक सञ्जाल टिकटक खुलाउने निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले टिकटकमा लगाएको प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको हो। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सर्तसहित टिकटक खुलाउनु पर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लगेका थिए। बुधबार नै मन्त्री गुरुङले टिकटक खुलाउने मन्त्रीस्तरीय निर्णय गरेका थिए।

सरकारले टिकटक खुलाउन केही सर्त पनि राखेको छ। सामाजिक सञ्जालको सञ्चालन निर्देशिका, २०८० को दफा ३ अनुसार सामाजिक सञ्जाल सञ्चालनको लागि मन्त्रालयमा सूचीकरण गर्नुपर्ने पहिलो सर्त हो। त्यस्तै सूचीकृत भएको सामाजिक सञ्जालको प्वाइन्ट अफ कन्ट्याक्ट तोक्नुपर्ने सर्त पनि सरकारको छ। टिकटकले पर्यटन प्रबर्द्धनमा सहयोग गर्ने, डिजिटल सुरक्षा र साक्षरताका लागि काम गर्नुपर्ने छ। सार्वजनिक शिक्षामा र आईटीबेस बनाउन सहयोग गर्नुपर्ने, कन्टेन बनाउँदा भाषाको फिल्टरिङ गर्नुपर्ने सर्त पनि सरकारको छ।

» बाँकी पृष्ठ ६

## बागमती प्रदेश आत्मनिर्भर बनाउने अभियान



**कृष्णप्रसाद सिलवाल**

इजलास

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको नेतृत्व गरिरहँदा यस मन्त्रालय अवसर र चुनौती दुवै पाएको छु। यस मन्त्रालयको काम जगत र जीवनलाई जोड्नुको साथै पर्यावरणलाई मानव जीवनसँग कालन्तरसम्म सुन्दर बनाउनेअन्तर्गत पर्छ। यसलाई व्यवस्थित गर्न अहिलेदेखि काम गर्ने अवसर छ। भने, चुनौती हामीभित्र अलि-अलि रहेको छ। वन मन्त्रालयप्रति, वनका कर्मचारी र मन्त्री समेतलाई सर्वसाधारण जनताले हेर्ने नजर अलि फरक छ। त्यसलाई सर्वस्व कार्य सबैले यो वन हाम्रो हो, यो वन र जीवन अन्यन्य मिश्रित सम्बन्ध छ भनेर बुझाउनुपर्ने यो पनि चुनौती छ।

मन्त्रालयले यसअन्तर्गत रहेका वन तथा वातावरण,भू-संरक्षण, जलाधार संरक्षण जस्ता क्षेत्रमा विशेष रूपमा योजना बनाएर काम सुरु गरेको छ। मन्त्रालयले प्रदेशभित्र रहेका वन जंगलको संरक्षण गर्दै त्यहाँ रहेको काठ-दाउरा,जडीबुटीको उत्पादनलाई बढाउँदै वनजंगलभित्र खेती प्रणालीको विकास गर्दै समुदायमा रहेका आमजनताको जीवन स्तरमा आर्थिक उन्नति ल्याउने लक्ष्य लिएको छ । यस्तै जलाधारको क्षेत्रमा ठूलो नदीको जलाधार र त्यसका सहायक जलाधार क्षेत्रहरूको संरक्षण गर्ने, भविष्यमा सम्भावित बाढी पहिरो जाने स्थानहरूको एकिन गरी त्यहाँ वृक्षरोपण गर्ने, पछिल्लो समय विश्वमै जलवायु परिवर्तन भइरहेको छ। त्यसले गर्दा हाम्रो देशमा समेत प्रत्यक्षवा अप्रत्यक्ष रूपमा असर गरिरहेको देखिन्छ। जलवायु परिवर्तनले पारिरहेको प्रभावलाई कम गर्दै वातावरणलाई स्वच्छ राख्न मन्त्रालयले कार्यविधि तयार गर्दै काम गर्न सुरु गरिरहेको छ। बागमती प्रदेशको करिब आधा भू-भाग वनजंगलले ढाकेको छ।

त्यसको संरक्षण गर्दै वनजंगलबाट स्थानीय समुदाय र राज्यलाई समेत आर्थिक रुपमा लाभप्राप्त होस् भने उद्देश्यका साथ 'बागमती प्रदेश आत्मनिभर प्रदेश बनाउने अभियान' सुरु गरेका छौं ।

*(सिलवाल बागमती प्रदेश वन तथा वातावरण मन्त्री हुन्।)*

# प्रहरीको ३० वर्षे अवकाश थमौती

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले ३० वर्षे सेवाअवधिका आधारमा नेपाल प्रहरीमा अनिवार्य अवकाश दिने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

३० वर्षे अवधिको आधारमा सेवाबाट अनिवार्य अवकाशमा जानुपर्ने पत्र पठाएपछि प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) जीवनकुमार श्रेष्ठसहित २१ जनाले दायर गरेको रिट निवेदनमा सर्वोच्चले अन्तरिम आदेश जारी गरेको हो।

न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले अन्तरिम आदेश दिँदै कारण देखाउ आदेश पनि जारी गरेको छ। रिट निवेदकहरूले भदौ १५ गते अनिवार्य अवकाश पाउँदै थिए। सर्वोच्चको प्रहरी कर्मचारीहरूलाई २०८१ भदौ १६ गते वा प्रहरी नियमावलीको नियम १२७ (घ) बमोजिमको ३० वर्षे अवधिको आधारमा सेवाबाट अवकाश हुने भनी दिइएका पत्राचारहरू हाललाई कार्यान्वयन नगर्नू, नगराउनू र त्यस्तो आधारमा कसैलाई कुनै पत्राचार नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरेको हो।

'निजहरूको पदीय जिम्मेवारीमा परिवर्तन नगर्नू, नगराउनू र प्रहरी किताबखानामा यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरूलाई लेखी पठाउनू,' आदेशमा भनिएको छ। सर्वोच्चले



रिट निवेदक र निवेदक जस्तै अवस्थामा रहेका प्रहरी कर्मचारीको हकमा अन्तरिम आदेश जारी गरेको हो। रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधानकार्यालय र प्रहरी किताब खानालाई विपक्षी बनाइएको छ। भर्ना भई विभिन्न तालिम एवं अनुभव लिएर सेवारत प्रहरीहरू सेवा अवधिका आधारमा अनिवार्य अवकाशमा जाँदा राज्यलाई भार पर्ने रिट निवेदनमा उल्लेख छ।

३० वर्षे सेवा अवधिका आधारमा नेपाल प्रहरीमा ९० जना र सशस्त्र प्रहरीमा १८ जना गरी १ सय ८ जना यहीँ भदौ १५ गते अनिवार्य अवकाश जाँदै थिए। सर्वोच्चको अन्तरिम आदेशपछि तत्कालका लागि अवकाशको बाटो बन्द भएको छ।

## सर्वोच्चको निर्देशनात्मक आदेशको निरन्तर उल्लंघन

सर्वोच्चका ५ जना न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलासले २०७० चैत २० मा सरकारको नाममा निर्देशनात्मक आदेश जारी गर्‍यो, 'उमेर हदको कारणले सेवाबाट अवकाश लिने व्यवस्था गर्दा नियमावली संशोधनको बाटो नअपनाइ प्रहरी ऐनमा नै चाहिने आवश्यक व्यवस्था गरी मिलाउनू।'

●●●

२०७१ मंसिर २० गते सर्वोच्च अदालतकै ५ जना न्यायाधीको बृहत् पूर्ण इजलासले पनि सरकारको नाममा निर्देशनात्मक आदेश जारी गर्दै भन्यो, 'प्रहरी नियमावली २०७१ को नियम १४० (१) को नोकरी अवधि गणनाको विषयमा प्रत्यायोजित विधायन अर्थात् नियमावलीमा व्यवस्थापन गर्न नमिल्ने हुँदा सारभूत कानुन अर्थात् प्रहरी ऐनमा नै आवश्यक व्यवस्था मिलाउनू।'

●●●

नेपालको संविधान धारा १२६ (२) र धारा १२८ (४)मा सर्वोच्च अदालतको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। तर, सरकारले नै एक दशक बितिसक्दा पनि सर्वोच्च अदालतको आदेश पालना नगरेको पाइएको छ।

न्यायाधीश हरि फुयाँलको एकल इजलासले सर्वोच्चका यसअधिका आदेशहरूको निरन्तर उल्लंघन भइरहेको ठहर गरेको छ। प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)जीवनकुमार श्रेष्ठसहित २१ जना प्रहरीलाई तीस वर्षे नोकरी अवधि पूरा भएको भन्दै अवकाशपत्र पठाइएपछि दायर रिट निवेदनको सुनुवाइ गर्दै सर्वोच्चले यसअधिका आदेशको निरन्तर उल्लंघन भएको निष्कर्ष निकालेको हो। 'यस अदालतबाट भएका आदेश वा निर्णय, संविधान र कानुनको व्यवस्था वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्ने देखिन्छ।

» बाँकी पृष्ठ ६